# पालुङटार नगरपालिका

स्थानीय राजपत्र

**खण्डः** **संख्याः.** **प्रमाणित मितिः २०७७/०६/०२**

**भाग-२**

**पालुङटार नगरपालिका**

## जलश्रोतको उपयोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७७

प्रमाणिकरण मिति - २०७७।०६।०२

**प्रस्तावनाः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११.२(ध)र १०२ ले दिएको अधिकार अनुसार नगरपालिका भित्र खानेपानी संबन्धि नीति,कानुन,मापदण्ड बनाउन सकिने व्यवस्था भएकाले उक्त व्यवस्थालाई कार्यान्वयन गर्ने गरी पालुङटार नगरपालिका क्षेत्रभित्र स्वच्छ खानेपानीको पहुँच सबै नगरबासीहरुमा पुऱ्याउने गरी खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको स्थापना तथा दर्ता गर्न र जलश्रोतको उचित उपयोगका लागि नियमन गर्न वान्छनीय भएकोले यो कार्यविधि बनाईएको छ ।

**१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भ :**

१) यस कार्यबिधिको नाम **जलश्रोतको उपयोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७** रहेको छ ।

२) यो कार्यविधि पालुङटार नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२.परिभाषा**: बिषय वा प्रसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) नगरपालिका भन्नाले पालुङटार नगरपालिकालाई सम्झनुपर्छ ।

ख) कार्यपालिका भन्नाले पालुङटार नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

ग) नगरपालिका प्रमुख भन्नाले पालुङटार नगरपालिकाको नगरप्रमुखलाई सम्झनुपर्छ ।

घ) वडाध्यक्ष भन्नाले पालुङटार नगरपालिकाको वडाहरुको वडाध्यक्षलाई सम्झनुपर्छ ।

ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले पालुङटार नगरपालिकाका प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

च) समिति भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाइ, सिंचाई उपभोक्ता समिति सम्झनुपर्छ ।

छ) खानेपानी भन्नाले स्वच्छ पिउनेपानी लाई सम्झनुपर्छ ।

ज) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस कार्यविधि अर्न्तगत बनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

झ)प्राविधिक समिति भन्नाले नियम ४ को ७ बमोजिम गठित समिति संझन पर्छ ।

**३.जलश्रोत उपयोग (उपभोक्ता) समिति तथा उपयोग गरिने पानीको मुल दर्ता गर्नुपर्नेः**

(१)सामुदायिक प्रयोगका लागि कुनैपनि श्रोतको पानी, खानेपानी तथा सरसफाइ एवं अन्य घरेलु प्रयोग, सिंचाईको लागि प्रयोग गर्नु परेमा प्रयोजन खुलाई उपभोक्ता समिति तथा मुल दर्ता गरेर मात्र उपयोगमा ल्याउनु पर्नेछ । यस कार्यविधि बमोजिम उपभोक्ता समिति तथा मुल दर्ता नगरी कसैले पनि जलश्रोतको उपयोग गर्नु हुदैन ।

**४.<u>जलश्रोत उपयोग (उपभोक्ता) समिति दर्ता विधि</u>:**

(१) समिति दर्ता गर्न चाहने इच्छुक व्यक्तिले खानेपानीको मुलबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लाभ लिनसक्ने कम्तीमा ५ (पाँच) जना वा सो भन्दा बढी ब्यक्तिहरुले समिति सम्बन्धि देहायको विवरण खुलाई समितिको बिधानको एक प्रति र तोकिएको दस्तुर सहित नगरपालिका कार्यालयमा निवेदन दिनु पर्नेछ ।

क) समितिको नाम :

ख) समिति गठनको उद्धेश्य :

ग) समितिका सदस्यहरुको नाम, ठेगाना :

घ) समितिको कार्यालय रहने स्थान :

ङ) समिति सचालनको विधि र प्रक्रिया, खाता सन्चालन :

च) सेवा पुऱ्याएको/पुऱ्याउने टोल,वस्ती र घरधुरी सँख्या तथा जनसँख्या ।

छ) खानेपानीको मुलधनिको सहमति ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले प्राविधिक समिति बाट छानबिन गरी समिति तथा मुल दर्ता गरी प्रमाण -पत्र दिनेछ । यसरी दर्ता गरिने मुल सोही समितिको नाममा दर्ता हुनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै समिति तथा मुल दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैतिस दिन भित्र त्यस्तो निर्णय उपर चित्त नबुझे नगर प्रमुख समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि नगर प्रमुखले पुन प्राविधिक समिति मार्फत आबश्यक जाँचबुझ गराई समितिले त्यस्तो समिति तथा मुल दर्ता गर्न मनासिव देखिएमा सिफारिस सहित पुन प्रतिवेदन दिएमा कार्यपालिकाबाट निर्णय गराई प्रमुख प्रशासकीय अधिकृतले समिति तथा मुल दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अर्न्तगत दिईने प्रमाण पत्रको ढाँचा अनुसुची १ बमोजिम हुनेछ । नवीकरण दस्तुर तोकिएबमोजिम हुनेछ ।

(६) दर्ता भएको समिति तथा मुल प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नविकरण गर्नु पर्नेछ । दर्ता दस्तुर रु १०००।- (एक हजार ) नविकरण दस्तुर बार्षिक रु ५००।- (पाँच सय) तिर्नु पर्नेछ ।

(७) सम्बन्धित उपभोक्ता समितिबाट मुल दर्ताका लागि निवेदन दिएमा निम्न अनुसारको प्राविधिक समितिले मुल दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा स्थलगत अध्ययन गरी स्पष्ट राय सहित प्रतिवेदन दिनुपर्नेछ ।

१) सयोजक - प्राविधिक शाखा प्रमुख डि.ई /ईञ्जिनियर

२) सदस्य- सम्वन्धित वडाको अध्यक्ष

३) सदस्य - वातावरण शाखा प्रमुख

४) सदस्य - न.पा.को सर्वेक्षक /अमिन

५) सदस्य सचिव– प्रशासन शाखा प्रमुख अधिकृत/ना.सु

**५. <u>समिति संगठित मानिने</u>:** (१) यस कार्यविधि अर्न्तगत दर्ता भएको समिति अबिछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित समिति हुनेछ । सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) समितिले ब्यक्ति सरह आफ्नो नामबाट उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

(३) समिति गठन गर्दा समावेशी प्रकृया अवलम्वन गरी कम्तिमा ७ जना भन्दा कम नहुने गरी अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्य कम्तिमा १ जना महिला र कम्तिमा ३३ प्रतिशत महिला सदस्य सुनिश्चित गराइ गर्नुपर्नेछ ।

(४) समितिको खाता संचालन गर्दा ३ जना पदाधिकारीको नाममा बैक खाता खोलि संचालन गर्नुपर्नेछ। सो सम्भव नभएमा अध्यक्ष वा सचिवको नाममा पनि खाता खोल्न सकिने छ ।

**६.संस्थाको सम्पत्ति**: (१) समितिको सदस्य वा कर्मचारी लगायत कुनै ब्यक्तिले समितिको विधान बिरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा नगरपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई समितिलाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति फिर्ता गर्ने गरी नगरपालिकाले गरेको कारबाहीमा चित्त नबुझ्ने ब्यक्तिले सम्बन्धित जिल्ला अदालतमा उजुर गर्न सक्नेछ ।

(३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै ब्यक्तिले समितिको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा बिरुद्द कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम  कारबाही हुनेछ ।

**७.यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्ने :** (१) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भई वा नभई स्थापना भईरहेका समितिले पनि यो कार्यविधि प्रारम्भभएको मितिले ६ (छ ) महिनाभित्र यो कार्यविधि बमोजिम सुचिकृत गराउनु पर्ने छ । सुचिकृत/दर्ता हुनको लागि गत आ.व.सम्मको लेखा परिक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**८.समितिको उद्देश्यहरुमा हेरफेर : (१)** समितिको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा दुवै समितिले उक्त प्रस्ताव उपर छलफल गर्न समितीको विधान बमोजिम साधारणसभा बोलाउनु पर्ने छ ।

(२) साधारणसभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारणसभाबाट पारित भएको मानिनेछ ।तर सो प्रस्ताब लागु गर्न नगरपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

**९. समितिको वर्गीकरण:** दर्ता अनुमति प्राप्त गरी नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य सङ्ख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको बर्गीकरण हुनेछ ।

१) १००१ जना वा सो भन्दा बढि उपभोक्ता सदस्य भएको (क बर्ग)

२) ५०१ देखि १००० जना सम्म उपभोक्ता सदस्य भएको (ख बर्ग )

३) ५ जना देखि ५०० जना सम्म उपभोक्ता सदस्य भएको (ग बर्ग )

**१०. तदर्थ समिति गठन गर्न सकिने :** यस अघि दर्ता स्वीकृती प्राप्त गरी सन्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकिए बमोजिम ६ महिना भित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पूरा नगरेमा त्यस्ता तदर्थ समिति वा अबधी पूरा भएका उपभोक्ता समितिहरुलाई बिघटन गरी सचालन नियमित गर्न नगरपालिकाको तर्फबाट सम्बन्धित उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतमा आवश्यक प्रकृया तथा काम कारबाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ ।

**११.संघ गठन गर्न सकिने :**दर्ता स्वीकृति प्राप्त गरी नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाइउपभोक्ता  समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी नगर स्तरीय खानेपानी तथा सरसफाइउपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख सहयोग मातहतमा अन्य सम्पूर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थित रुपमा संञ्चालन गरिने छ ।

**१२.हिसाबको विवरण पठाउनुपर्ने**: उपभोक्ता समितिले आफ्नो समितिको हिसाबको बिवरण लेखा परिक्षकको प्रतिबेदन सहित प्रत्येक बर्ष नगरपालिकामा पठाउनु पर्नेछ ।

**१३. हिसाब जाँच गर्ने :** (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाव आफैले वा आफूले नियुक्ति गरेको कुनै अधिकृतद्धारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१)बमोजिम हिसाब जाँचबाट कैफियत देखिन आएमा न.पा.ले रकम असूल गरीदिन सक्नेछ ।

(३)हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले नगरपालिकाले तोकिदिएको म्याद भित्र हिसाव प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्ने छ र सो को प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्यवा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने नगरपालिकालाई लागेमा निजलेत्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ ।

तर, प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्धा चलाउन सक्नेछ ।

**१४. निर्देशन दिने :** नगरपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

**१५.पुनरावेदन :** दफा (१२) बमोजिम प्रमुख प्रकासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनराबेदन लाग्ने छ ।

**१६.समितिको बिघटन वा त्यसको परिणाम :** (१) समितिको बिधान बमोजिम कार्य सन्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति बिघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म मात्र त्यस्तो दायित्व नगरपालिकाले ब्यहोर्नेछ ।

(३) समितिले आफ्नो बिधान अनुसारको तोकिएको समय अबधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमिति स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन नभए सम्म समिति संचालन नगरपालिकाले गर्नेछ ।

**१७. निर्देशिका बनाउने अधिकार :** यस कार्यविधिको उद्धेश्य कार्यन्वयन गर्न नगरपालिकाले निर्देशिका बनाउन सक्नेछ ।

**१८.बचाउ :** (१) यो कार्यविधि लागु हुनु पूर्व जलस्रोत ऐन, २०४९ अर्न्तगत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

आज्ञाले
तेजराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत